**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ५, संख्याः १३, माघ २१ गते, २०७८ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# खेलकुद विकास ऐन, २०७८

सभाबाट स्वीकृत मितिः २०७८।१०।२१

**प्रस्तावना**ः व्यास नगरपालिकामा खेलकुदको सवलीकरण, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडा स्तरीय, नगर स्तरीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) तथा व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो ऐन जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “व्यास नगरपालिका खेलकुद विकास ऐन २०७८” रहेको छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशति भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अध्यक्ष” भन्नाले दफा ३ बमोजिम गठित नगर खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “उप प्रमुख” भन्नाले व्यास नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "खेलकुद समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको नगर खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ङ) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(च) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ज) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले दफा ३ बमोजिमको समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउने छ ।

(ट) "सदस्य सचिव" भन्नाले दफा ३ बमोजिम नगर खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले दफा ११ बमोजिम गठित भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ड) "सभा" भन्नाले व्यास नगरपालिकाको सभा सम्झनु पर्छ ।

३. **<u>नगर खेलकुद विकास समितिः</u>** (१) नगरमा खेलकुदको विकास गर्न खेलकुद सम्बन्धी नीति तर्जुमा गर्नको लागि निम्नानुसारको नगर खेलकुद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहने छन्ः

(क) प्रमुख वा निजले तोकेको व्यक्ति -अध्यक्ष

(ख) कार्यपालिकाले सिफारिस गरेको व्यक्ति -उपाध्यक्ष

(ग) प्रमुखद्वारा मनोनित एक महिला सहित नगर सभा सदस्य तीन जना -सदस्य

(घ) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य

(ङ) विगतमा जिल्ला स्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई पाँच वर्ष काम गरेको व्यक्ति मध्ये प्रमुखले मनोनित गरेको २ जना -सदस्य

(च) खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान प्रर्वधनात्मक कार्य गरेका खेलकुद विज्ञ मध्येबाट कार्यपालिकाले मनोनित गरेको कम्तिमा एक जना महिला सहित २ जना -सदस्य

(छ) फरक क्षमता भएका खेलाडी मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना -सदस्य

(ज) प्रमुखद्वारा मनोनित पत्रकार महासंघको प्रतिनिधि -सदस्य

(झ) नगरपालिकाले नियुक्त गरेको अधिकृत कर्मचारी -सदस्य सचिव

(३) खेलकुद समितिको बैठकमा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

(४) खेलकुद समितिको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(५) खेलकुद समितिको चल अचल सम्पत्ति नगरपालिकाको हुनेछ ।

(६) खेलकुद समितिको सचिवालय नगरपालिकाको कार्यालयमा रहने छ ।

(७) नगर खेलकुद समितिले खेलकुद क्षेत्रमा विशेष अनुभव र दक्षता हासिल गरेका व्यक्तिहरु रहेको एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

४. **पदावधिः** (१) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिने छ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका मनोनित वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा नगरपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

५. **सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः
(क) गैर नेपाली नागरिक
(ख) पदेन बाहेकका कर्मचारी,
(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति,
(घ) पच्चीस वर्ष उमेर पुरा नभएको व्यक्ति ।

६. **सदस्यता नरहने अवस्थाः** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिने छ वा खारेज हुनेछः
(क) दफा ५ बमोजिम सदस्यमा वहाल रहन अयोग्य ठहरिएमा,
(ख) राजिनामा गरेमा,
(ग) मृत्यु भएमा,
(घ) सूचना नदिई लगातार तीन पटकभन्दा बढी बैठकमा अनुपस्थित भएमा,
(ङ) दफा ४ को उपदफा (३) बमोजिम नगरपालिकाको कार्यपालिकाले हटाएमा । हटाउनु अघि मनासिव माफिको सफाई पेश गर्ने मौका दिइने छ ।

७. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,
(ख) खेलकुद सम्बन्धी नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,
(ग) खेलकुद समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,
(घ) खेलकुद समितिबाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम तथा प्रतियोगिता कार्यान्वयन गर्ने, गराउने,
(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी खेलकुद समिति समक्ष पेश गर्ने,
(च) वार्षिक प्रतिवेदन तयार गरी खेलकुद समिति समक्ष पेश गर्ने,
(छ) खेलकुद समितिले तोकेको अनय कार्य गर्ने, गराउने ।

८. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्य सचिव र मनोनित सदस्यको पद रिक्त भएको मानिने छः
(क) अध्यक्षले उपाध्यक्षलाई सम्बोधन गरी खेलकुद समिति समक्ष र अन्य पदाधिकारीले अधयक्ष समक्ष दिएको लिखित राजिनामा खेलकुद समितिबाट स्वीकृत भएमा,
(ख) नगरपालिकाले निजलाई पदबाट हटाएमा,

(ग) नैतिक पतन देखिने फौज्दारी कसुरमा अदालतबाट कसुरदार ठहरेमा,
(घ) निजको मृत्यु भएमा ।

९. **खेलकुद समितिको बैठक र निर्णय:** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी खेलकुद समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) खेलकुद समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) खेलकुद समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(४) खेलकुद समितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशिघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बैठकको निर्णय प्रमाणीकरण अध्यक्षले गर्नु पर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि खेलकुद समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **खेलकुद समितिको काम, कर्तव्य र अधिकार:** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकालाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,
(ख) नगर स्तरीय लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,
(ग) अन्तर नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,
(घ) खेलकुदसँग सरोकार राख्ने निकायहरुसँग समन्वय गर्ने,
(ङ) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,
(च) रंगशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,
(छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,
(ज) वडा खेलकुद समिति लगायतका खेलकुदसँग सम्बन्धित संस्थासँग समन्वय गर्ने तथा आवश्यक निर्देशन दिने,
(झ) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धी संघ संस्थाको नियमन गर्ने,
(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालिम लिन पठाउने, तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्को प्रचलित कानुन बमोजिम प्रकृया पुरा गर्नु पर्नेछ ।
(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,
(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,
(ड) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चलन गर्ने व्यवस्था गर्ने गराउने,

(ढ) खेलकुद विकासको लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,
(ण) खेलकुद पर्यटनको विकास गर्ने,
(त) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,
(थ) नगरपालिकाको खेलकुद विकासका लागि विभिन्न नीति तय गर्ने,
(द) खेलाडीको अभिलेख राख्ने,
(ध) आवश्यकता अनुसार उपसमिति गठन गर्ने,
(न) अध्यक्षले नगरको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,
(प) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने ।

**११. वडा स्तरीय खेलकुद विकास समितिः** (१) नगरपालिका खेलकुद विकास समिति मातहतमा वडा स्तरीय खेलकुद विकास समिति रहने छन् ।

(२) वडा स्तरीय खेलकुद विकास समितिको गठन निम्नानुसार रहेको छः

(क) वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति -अध्यक्ष
(ख) वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य
(ग) खेलकुद क्षेत्रमा कम्तिमा पाँच वर्ष कार्य गरेको व्यक्ति -सदस्य
(घ) वडा समितिबाट सिफारिस गरिएका संघ संस्थाबाट एक जना महिला सहित दुई जना -सदस्य
(ङ) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. खेलकुद सम्बन्धी संस्थाको दर्ताः** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लब, संघ वा संस्थाको दर्ता तथा सूचीकरण खेलकुद समितिको सिफारिसमा नगरपालिकामा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता सूचीकरण अध्यावधिक रहेका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम सूचीकृत हुनु पर्नेछ ।

**१३. दर्ताको लागि निवेदन दिनु पर्नेः** दफा १३ बमोजिम नाम दर्ता सूचीकरण गराउन चाहने खेलकुद सम्बन्धी कार्य गर्ने संस्थाले देहायका कुरा खुलाई खेलकुद समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम र ठेगाना,
(ख) सञ्चालन गरिने खेलकुद,
(ग) कार्यकारिणी समितिका सदस्यको नाम र ठेगाना,
(घ) विधानको प्रमाणित प्रतिलिपि,
(ङ) वार्षिक कार्य योजना र आयस्रोत ।

**१४. नाम दर्ता सूचीकरण गर्न सक्नेः** (१) दफा १४ बमोजिम नाम दर्ता सूचीकरण गराउनको लागि दरखास्त परेमा खेलकुद समितिले तीस दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सूचीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**१५. विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम खेलकुद समितिमा नाम दर्ता सूचीकरण भएको खेलकुद सम्बन्धी संस्थाको दफा १३ बमोजिम नाम दर्ताको लागि

दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको महल तयार गरी सोको सूचना तीस दिन भित्र खेलकुद समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा खेलकुद समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

१६. **हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ नगरपालिकाले जहिले सुकै गर्न गराउन सक्नेछ ।

१७. **निर्देशन दिनेः** (१) खेलकुद समितिले मातहतका खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १७ बमोजिम खेलकुद समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम खेलकुद समितिले आफ्नो सूचीकरणबाट कट्टा गर्न सक्नेछ । सूचीकरणबाट हटाउन अघि त्यस्तो संस्थाले मनासिब माफिको सफाई पेश गर्ने मौका पाउने छ ।

(३) उपदफा (२) बमोजिम खेलकुद समितिले आफ्नो सूचीकरणबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

१८. **स्वीकृत लिनुपर्नेः** खेलकुद सम्बन्धी संस्थाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिन वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नगरपालिकामा हुने खेलकुद प्रतियोगिता वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको सभा वा सम्मेलनमा भाग लिन अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानुन बमोजिम स्वीकृत लिनु पर्नेछ ।

१९. **खेलकुद समितिको कोषः** (१) खेलकुद समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायको रकम रहने छः

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,
(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए वापतको शुल्क,
(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे वापतको शुल्क,
(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,
(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,
(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ, संस्था विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,
(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(२) खेलकुद समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिने छ ।

(३) खेलकुद समितिको कोषमा रहने रकम बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) खेलकुद समितिको खाता सञ्चालन प्रकृया तोकिए बमोजिम हुनेछ ।

२०. **सम्झौता गर्दा स्वीकृत लिनु पर्ने:** खेलकुद समितिले वा नगरपालिकाले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२१. **लेखा र लेखापरीक्षण:** (१) खेलकुद समितिको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) खेलकुद समितिको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ ।

(३) खेलकुद समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) नगरपालिकाले खेलकुद समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्ने छ ।

२२. **सदस्यको भत्ता:** (१) सदस्यले नगरपालिकाको बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता नगरपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(२) खेलकुद समितिको काम विशेषले पदाधिकारीहरुले भ्रमण गर्नु परेमा नगरपालिकाले नियमानुसार भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराउन सक्नेछ ।

२३. **खेलकुद समितिमा रहने कर्मचारी:** खेलकुद समितिको दैनिक कामका लागि कर्मचारी आवश्यकता भएमा समितिको अनुरोधमा नगरपालिकाले नगरपालिकामा कार्यरत मध्ये कुनै कर्मचारी खटाउन सक्नेछ वा आवश्यकता अनुसार विज्ञ प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।

२४. **अधिकार प्रत्यायोजन:** (१) नगरपालिका वा खेलकुद समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **नगरपाकिले निर्देशन दिन सक्ने:** (१) नगरपालिकाले खेलकुद समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्नु खेलकुद समितिको कर्तव्य हुनेछ ।

२६. **खेलाडीको व्यवसायिक सुरक्षा:** (१) तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

२७. **सजाय र कारवाही:** (१) खेलकुद समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ:

(क) खेलकुद समितिले दिएको निर्देशन पालना नगर्ने आफ्ना मातहतका खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँसम्म जरिवाना र सोही कसुर दोहोऱ्याएमा समिति वा संस्था खारेजी गर्नेछ ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलेमतोमा वा प्रलोभनमा परी खेल खेलेको वा

खेलाएकोमा, वडा स्तरको खेलकुद प्रतियोगिताको हकमा पाँच हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध लगाउन सक्नेछ । नगर स्तरको वा सोभन्दा माथिल्लो खेलकुद प्रतियोगिताको हकमा दश हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैतीस दिन भित्र नगरपालिका वा न्यायिक समिति वा अन्य अख्तियार प्राप्त निकायमा पुनरावेदन गर्न सकिने छ ।

२८. **प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था:** (१) नगरको खेलकुदको विकासका लागि नगरपालिकाले खेलकुद समितिको सिफारिसमा नगर खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ ।

(२) खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

३०. **नागरिकको कर्तव्य:** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हनेछ ।

३१. **यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत